लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्या: ०८०/०८१
च.न.:

## प्रस्ताव आहवान सम्बन्धी सूचना

(सूचना नं. ०१/०८०/८१)

सूचना प्रकाशित मितिः २०८०/०८/२०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.ब. ०८०/०८१को तपसिल बमोजिमका बार्षिक स्वीकृत कार्यक्रमहरु **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** बमोजिम संचालन गर्न इच्छुक कृषक/समुह/सहकारी/निजि फर्म/उपभोक्ता समिति/उद्यमी/कम्पनीहरुलाई लक्षित गरी आजको मितिले ३०(तिस) दिन भित्र (मिति २०८०।०९।१९ गते कार्यालय समय भित्र) कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम संचालनको लागि आवश्यक न्यूनतम मापदण्ड, ब्यवसायिक कार्ययोजना, संलग्न गर्नु पर्ने अन्य कागजातहरु र सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाईट र कार्यालयमा प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | मासु/माछा पसल सुधार कार्यक्रम | ४ | ८ | रुपन्देही जिल्ला भित्र | कुल लागतको ५० प्रतिशत वा प्रति प्रस्ताव अधिकतम रु. २ लाख अनुदान |
| २ | साईलेज उद्योगको लागि मकै/घाँस उत्पादन कार्यक्रम | ४० हे. | १० | | साईलेज उद्योगसँग मकै/घाँस खरिद बिक्री गर्ने करार सम्झौता भएको प्रस्तावकलाई प्राथमिकता दिईने, कुल लागतको ७५ प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २५ हजार अनुदान |
| ३ | प्राकृतिक जलाशय मर्मत सम्भार | ३० हे. | ३० | | कुल लागतको ७५ प्रतिशत वा प्रति हेक्टर जलाशय अधिकतम रु. १ लाख अनुदान |
| ४ | नँया पोखरी निर्माण | ५ हे. | २५ | रुपन्देही जिल्ला भित्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत मत्स्य सुपरजोन लागू भएका क्षेत्र बाहेक | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार नँया पोखरी निर्माण गर्नु पर्ने, कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर जलाशय अधिकतम रु. ५ लाख अनुदान |
| ५ | मत्स्य विज ह्याचरी निर्माण/सुधार | २ | १० | | कुल लागतको ५० प्रतिशत वा प्रति प्रस्ताव अधिकतम रु. ५ लाख अनुदान |

जय पशु धन, जय मत्स्य

०८।२०
दिपक भुसाल

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८०/०८१

च.न.:

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (क्र.सं. १,२,३,४ को लागी अनुसूची ३८ बमोजिम तथा क्र.सं. ५ को लागी अनुसूची ३२ बमोजिम)
६. कार्यक्रम सञ्चालनको लागी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समूह वा कम्पनीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा)
१०. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)

**थप जानकारीको लागि कार्यालयको Website: www.rupandehi.vethos.gov.np, फोन नं. ०७१५७०२०६, मोवाईल नं. ९८५७०११२६१मा सम्पर्क राख्न अनुरोध छ।**

०८।२०

दिपक भुसाल
प्रमुख (अधिकृतस्तर नवौं)